नेपाल सरकार

# राष्ट्रिय सुरक्षा परिषद्‌को

## सचिवालय

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं.: ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरवार, काठमाडौं, नेपाल।

## प्रेस विज्ञप्ति

मितिः- २०८१/०७/११

### राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्पन्न भएको सम्बन्धमा

आज सिंहदरबार स्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को ३५ औं बैठक सम्पन्न भएको छ। उक्त बैठकमा माननीय गृहमन्त्रीज्यू, माननीय रक्षामन्त्रीज्यू, मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू र रक्षासचिवज्यूको उपस्थितिमा वर्तमान अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षा वातावरण सम्बन्धी समीक्षा भयो ।

उक्त बैठकमा राष्ट्रिय सुरक्षामा आउन सक्ने विविध चुनौतीहरु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देखापरेका पछिल्ला घटनाक्रमहरु विशेष गरी मध्य पूर्वमा बढिरहेको द्वन्द्वले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव, चुनौतीहरु तथा मध्य पूर्वमा रहेका नेपालीहरुको सुरक्षा र अपनाउनु पर्ने भावी रणनीतिहरुको सम्बन्धमा छलफल भयो ।

उक्त बैठकमा सैनिक ऐन, २०६३ को दफा १३३ को उपदफा (२) को व्यवस्था बमोजिम नेपाली सेनाको लागि आ.व. ०८१/८२ मा खरिद गरिने हातहतियार, खरखजाना तथा अन्य सैन्य सर सामग्री खरिद गर्न नीतिगत स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने निर्णय गरियो। साथै, उक्त बैठकले राष्ट्रिय सुरक्षा परिषद्को बैठक सञ्चालन कार्यविधि-२०८१ स्वीकृत गरेको छ।

(रामेश्वर दंगाल)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्